
# दुईटा बाटाहरू



## दुईटा बाटा छन्, कुन छान्ने?

जब हामी कहिल्यै नगएको ठाउँमा जानलाई यात्रा गर्न थाल्छौं, तब कुन बाटो जाने र त्यही ठाउँमा कसरी पुग्ने हो, सो पहिले राम्ररी सोधपुछ गर्छौं, र आँखा खोलेर हिँड्छौं, होइन र? यदि हामी गल्ती वा बेठीक बाटोमा हिँड्रिहेकै छौं भन्ने कुरा थाह लाग्नसाथ हामी फरक्क फर्की ठीक बाटोको खोज गर्छौं।

यस संसारमा हामी सबै दिनप्रतिदिन यात्रा गर्दा–गर्दै अनन्तकालतिर गइरहेका छौं, यस्तो एउटा निशानातिर, जसको अन्त कहिल्यै हुँदैन। एकपल्ट त्यहाँ पुगिसकेपछि हाम्रो स्थिति कहिल्यै बदली हुँदैन। यसकारण प्रिय मित्र, तपाईं कहाँ जाँदै हुनुहुन्छ, के यो कुरा तपाईंलाई थाह छ?

## हाम्रो मार्गदर्शक पुस्तक:

हामीलाई सृष्टि गर्नुहुने परमेश्वरले आफ्नो प्रेम र कृपाअनुसार हामीलाई एउटा मार्गदर्शक पुस्तक दिनुभयो। त्यस पुस्तकको नाम पवित्रशास्त्र बाइबल हो। यस पुस्तकले हामी कुन बाटोमा, स्वर्ग जाने बाटोमा कि नरकमा पुऱ्याउने बाटोमा हिँड्रिहेका छौं, सो स्पष्ट रूपले हामीलाई देखाउँछ। यस सानो पर्चामा दिएका सबै खण्डहरू त्यही बाइबल पुस्तकबाट निकालिएका छन्। 'तपाईंको वचन मेरा पाउका निम्ति बत्ती र मेरो बाटोको निम्ति उज्यालो हो।' (भजनसँग्रह ११९:१०५)

## फराकिलो बाटो:

हाम्रो आत्मिक यात्राको लागि दुईटा बाटा मात्र छन्। एउटा फराकिलो छ र अर्को साँघुरो छ। फराकिलो बाटोमा धेरै मानिसहरू हिँड्छन्। 'साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो चौड़ा हुन्छ, र यसबाट भित्र पस्ने धेरै हुन्छन्।' (मत्ती ७:१३) यो फराकिलो बाटोमा हिँड्ने-हरूमध्ये धेरैका आँखा बन्द भएका हुन्छन्। विनाशको बाटोमा हिँड्रिहेका कुरा तिनीहरूलाई थाहै छैन, र तिनीहरूले यसको वस्ता पनि गर्दैनन्। 'कुनै बाटो मानिसलाई सीधा लाग्छ, तर त्यसैले पो मृत्युमा पुऱ्याउँछ।' (हितोपदेश ४:१२) 'यस संसारको देवले विश्वास नगर्नेहरूको समझशक्ति अन्धा तुल्याएको छ।' (२ कोरिन्थी ४:४)

## बोझहरू:

यस फराकिलो बाटोमा यात्रा गर्नेहरू पापका बोझले लादिएका हुन्छन्। 'सबैले पाप गरेका छन् र परमेश्वरको महिमारहित हुन गएका छन्।'(रोमी ३:२३) हामीले परमेश्वरबाट कुनै पाप छिपाउन सक्दैनौं। किनभने हामीले एउटा कुरा याद गर्नुपर्छ – 'मानिसले बाहिरी रूप हेरीकन विचार गर्छ, तर परमप्रभुले भित्री हृदय

हेरीकन विचार गर्नुहुन्छ।' (१ शमूएल १६:७) ती बोझहरू हामीहरूकै मनमा लादेका हुन्छन्। आफ्नो कोशिशले हामीले यस्तो एउटा सानो पापबाट पनि छुटकारा पाउन सक्दैनौं; तर बरु समय बित्दै जाँदा ती बोझहरू झन् गह्रौं हुँदै जान्छन्। अनि याद राखौं – 'पापको ज्याला मृत्यु हो' (रोमी ६:२३)

## परमेश्वरको न्याय:

यस पर्चाको नक्सामा एक क्षण ध्यान लगाऔं – बिजुली चम्केको देख्नुभयो? यसले परमेश्वरको भयानक न्याय दर्शाउँछ। 'मानिसको निम्ति एकचोटि मरण र त्यसपछि इन्साफ नियुक्त भएको छ।' (हिब्रू ९:२७) 'मैले एउटा ठूलो सेतो सिंहासन र त्यसमाथि विराजमान हुनुहुनेलाई देखें, ........ र मैले ठूला र साना सबै मरेकाहरू त्यस सिंहासनको सामु उभिरहेका देखें; अनि पुस्तकहरू खोलिएका थिए र अर्को पुस्तक पनि खोलियो, जो जीवनको पुस्तक हो; अनि ती पुस्तकहरूमा लेखिएका कुराहरू अर्थात् तिनीहरूका कामहरूअनुसार मरेकाहरूको इन्साफ भएको थियो। अनि हरेक, जसको नाम जीवनको पुस्तकमा लेखिएको पाइएन, त्यो अग्निकुण्डमा फालियो।' (प्रकाश २०:११,१२,१५)

## नरकको ननिभ्ने आगो:

परमेश्वर पवित्र र सिद्ध हुनुहुन्छ; यसैकारण पापको सजाय हुनैपर्छ। परमेश्वरको वचनले नरकको बारेमा बताउँछ; यो एउटा कहिल्यै ननिभ्ने आगो हो। परमेश्वरका आज्ञा पालन नगर्नेहरूको भाग त्यही नरक नै हो, जहाँ तिनीहरूले सदा–सर्वदा पापको सजाय भोग्नेछन्। बाइबलले भन्छ: 'दुष्टचाहिँ साथै परमेश्वरलाई बिर्सने सबै जातिहरू पनि नरकमा फर्केर जानेछन्।' (भजनसँग्रह ९:१७) नरकमा पर्नलाई हामी ज्यादै खराब हुनुपर्दैन, परमेश्वरलाई बिर्सने अर्थात् यस्ता नगर्नेहरू पनि त्यही हुनेछन्।

परमेश्वर प्रेम गर्नुहुने पनि हुनुहुन्छ। 'कोही पनि नष्ट नहोस्, तर सबैजनाले पश्चात्ताप गरून् भन्ने इच्छा उहाँले गर्नुहुन्छ।' (२ पत्रुस ३:९) उहाँ अति कृपालु र प्रेमी हुनुहुन्छ, यसैले नरकको दण्डबाट उम्कन चाहनेहरूको निम्ति उहाँले एउटा बाँच्ने उपाय तयार पार्नुभएको छ। के तपाईं यो साँघुरो जीवन दिने बाटो फेला पार्न चाहनुहुन्छ?



## जीवनको बाटो प्रभु येशू हुनुहुन्छ:

हामीले आफूलाई पाप र पापको दण्डबाट बचाउन सक्दैनौं। यसकारण परमेश्वर आफैले एक मुक्तिदाताको प्रबन्ध गर्नुभयो। 'परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, उहाँले आफ्नो एकमात्र पुत्रलाई दिनुभयो कि उहाँमाथि विश्वास गर्ने प्रत्येक नाश नहोस्, तर उसले अनन्त जीवन पाओस्।' (यूहन्ना ३:१६) परमेश्वरले आफ्नो एकमात्र पुत्र येशू ख्रीष्टलाई यस संसारमा पठाउनुभयो। प्रभु येशू मानिस हुनुभए पनि कहिल्यै पाप गर्नुभएन; किनभने उहाँ परमेश्वरको पुत्र हुनुहुन्थ्यो। सुकर्म गर्दै र बिरामीहरूलाई निको पार्दै उहाँ चारैतिर घुम्नुभयो; उहाँले कोढ़ीहरूलाई शुद्ध पार्नुभयो, दुष्ट आत्माहरू निकाल्नुभयो, मानिसहरूलाई परमेश्वरको राज्यको विषयमा शिक्षा दिँदै सुसमाचार सुनाउनुभयो र पश्चात्तापीहरूलाई पापको क्षमा दिनुभयो।

तर प्रभु येशू किन मानिस हुनुभयो त? यसको खास उद्देश्य के थियो? उहाँ हामी सबैका पापहरूको निम्ति काठको क्रूसमा मरीकन बलि हुनुभयो। उहाँ पापरहित हुनुभएकोले हाम्रा पापको निम्ति दाम तिरेर उहाँले आफ्नो बहुमूल्य रगत बहाउनुभयो। उहाँ दुष्टहरूको हातमा पर्नुभयो; तिनीहरूले उहाँलाई कोर्रा लगाएर उहाँको शरीरलाई चोटैचोट पारे। उहाँको शिरमा काँड़ाको मुकुट लगाईदिए र गिल्ला गरे। ती मानिसहरूले उहाँलाई खिसीमा उड़ाए। अन्तमा तिनीहरूले उहाँका हातखुट्टामा किला ठेकेर उहाँलाई क्रूसमा झुण्ड्याएर मारे। यो सब किन भयो? बाइबलले भन्छ: 'उहाँले आफ्नै शरीरमा हाम्रा पाप क्रूसमाथि बोक्नुभयो।' 'हामीलाई परमेश्वरकहाँ ल्याउनलाई उहाँ शरीरमा मारिनुभयो।' (१ पत्रुस २:२४, ३:१८) उहाँ तपाईं र मेरा निम्ति क्रूसको असाध्यै दुःख सही मर्नुभयो।

## प्रभु येशू मरेकाहरूबाट बौरी उठ्नुभयो:

तीन दिन चिहानमा रहेपछि प्रभु येशू मरेकाहरूबाट बौरेर उठ्नुभयो। उहाँ आफ्ना चेलाहरूकहाँ देखा पर्नुभयो। उनीहरूसँग खाँदै र परमेश्वरको राज्यबारे बोल्दै उहाँ चालीस दिनसम्म रहनुभयो। त्यसपछि उहाँ उनीहरूको सामुदेखि स्वर्गतिर उचालिनुभयो, जहाँ उहाँ अहिले परमेश्वरको दाहिने हातमा विराजमान हुनुहुन्छ। उहाँ जीवित प्रभु र मुक्तिदाता हुनुहुन्छ। 'उहाँसँग स्वर्ग र पृथ्वीको सम्पूर्ण

अधिकार छ।' (मत्ती २८:१८) 'यही कारणले उहाँद्वारा परमेश्वरकहाँ आउनेहरू सबैलाई सम्पूर्ण रूपले मुक्ति दिन उहाँ सामर्थी हुनुहुन्छ, किनकि तिनीहरूकै निम्ति अन्तर्विन्ती गर्न उहाँ सधैंभरि जीवित रहनुहुन्छ।' (हिब्रू ७:२५)

## महिमित स्वर्ग:

स्वर्ग त्यो ठाउँ हो, जहाँ परमेश्वर आफ्नो सारा महिमासहित विराजमान हुनुहुन्छ। प्रभु येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो: 'म तिमीहरूको निम्ति एउटा ठाउँ तयार पार्न जान्छु। अनि यदि मैले तिमीहरूको निम्ति ठाउँ तयार पारेँ भने म फेरि आउनेछु र तिमीहरूलाई मकहाँ लैजानेछु; र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ।' (यूहन्ना १४:२,३) स्वर्ग एक अचम्मको स्थान हो, जहाँ 'परमेश्वरले तिनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ र जहाँ मृत्यु कहिल्यै हुनेछैन, न त शोक, न रुवाइ, न पिड़ा कहिल्यै हुनेछ। पहिलेका कुराहरू बितिसकेका छन्। त्यहाँ फेरि रात हुनेछैन, परमेश्वरले तिनीहरूलाई उज्यालो दिनुहुनेछ।' (प्रकाश २१:४ र २२:५) स्वर्ग एक पवित्र स्थान हो, 'जसभित्र अपवित्र पार्ने, घिनलाग्दो काम गर्ने वा झूटो कुरा रच्ने कोही पनि कुनै रीतिले पस्नेछैनन्, तर जसको नाम थुमा अर्थात् प्रभु येशूको जीवनको पुस्तकमा लेखिएका छन्, तिनीहरू मात्र पस्नेछन्।' (प्रकाश २१:२७)

स्वर्ग जाने एउटा मात्र बाटो छ। प्रभु येशूले भन्नुभयो: 'बाटो, सत्य र जीवन म नै हुँ, मद्वारा बाहेक अरू कोहीद्वारा परमेश्वर पिताकहाँ जान सक्दैन।' (यूहन्ना १४:६) 'न ता अरू कसैमा मुक्ति छ, किनभने स्वर्गमनि मानिसहरूको बीचमा येशूको नाम बाहेक अरू कुनै नाम दिइएको छैन, जसद्वारा हामीले मुक्ति पाउनैपर्छ।' (प्रेरित ४:१२)

## स्वर्ग जाने बाटोमा हामी कसरी प्रवेश गर्न सक्छौं?

**१.** 'पश्चात्ताप गर र सुसमाचारमा विश्वास गर।' (मर्कूस १:१५)
पापदेखि सम्पूर्ण हृदयले परमेश्वरतिर मन फर्काउनु नै पश्चात्ताप हो।

**२.** प्रभु येशूले भन्नुहुन्छ: 'हे सबै मेहनत गर्ने र पापको बोझले लादिएकाहरूहो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु।' (मत्ती ११:२८)



'मकहाँ आउनेलाई म कुनै रीतिले इन्कार गर्नेछैनँ।' (यूहन्ना ६:३७) प्रार्थनामा तपाईंका पाप मानिलिएर नम्रतासाथ प्रभु येशूकहाँ आउनुहोस्। उहाँले तपाईंका सबै पाप क्षमा गर्नुहुन्छ र इमानदारीसाथ उहाँकहाँ आउनेलाई इन्कार गर्नुहुन्न।

**३.** 'अनि उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ।' (१ यूहन्ना १:७) मुक्ति पाउनलाई तपाईं येशू ख्रीष्टमाथि मात्र भरोसा राख्नुहोस्।

**४.** प्रभु येशूले भन्नुहुन्छ: 'जसले मेरा वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, ऊसँग अनन्त जीवन छ; अनि ऊ न्यायमा पर्नेछैन, तर मृत्युदेखि जीवनमा सरिसकेको हुन्छ।' (यूहन्ना ५:२४) 'यसकारण कोही ख्रीष्टमा छ भने ऊ एउटा नयाँ सृष्टि हो, पुराना कुराहरू बितिसके; हेर, सबै नयाँ भएका छन्।' (२ कोरिन्थी ५:१७)
प्रभु येशू तपाईंलाई एउटा नयाँ जीवन दिनुहुन्छ र तपाईंमा एउटा नयाँ स्वभाव उत्पन्न गर्नुहुन्छ। विश्वाससाथ अनन्त जीवन दानको रूपमा ग्रहण गर्नुहोस्।

**५.** 'यसकारण विश्वासद्वारा धर्मी ठहरिएका हुनाले हाम्रो प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ।' (रोमी ५:१)
प्रभु येशूमाथि विश्वास गरेर तपाईंले परमेश्वरसँग मिलाप राख्नुभएको छ; यसैले तपाईंले मनमा शान्ति र मुक्तिको निश्चयता पाउनुहुन्छ।

**अनि गवाही यही हो – परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्र येशूमा छ। जससँग पुत्र हुनुहुन्छ, ऊसित जीवन छ; जससँग परमेश्वरको पुत्र हुनुहुन्न, ऊसित जीवन छैन। मैले तिमीहरूलाई अर्थात् परमेश्वरको पुत्रमाथि विश्वास गर्नेहरूलाई यी कुराहरू लेखेको छु, कि तिमीहरूसँग अनन्त जीवन छ भन्ने कुरा तिमीहरूलाई थाह होस्।' (१ यूहन्ना ५:११-१३)**

## नयाँ जीवन कसरी जिउने?

**१.** हरेक दिन बाइबल पढ्नुहोस्। परमेश्वरको वचन हाम्रो बाटोको निम्ति बत्ती मात्र नभएर यो हाम्रो आत्मिक भोजन पनि हो। 'नयाँ जन्मेका बालकहरूझैं वचनको विशुद्ध दूधको तिर्सना गर र यसद्वारा तिमीहरू बढ्दै जाओ।' (१ पत्रुस २:२) तपाईं विश्वासमा बढ्नका निम्ति परमेश्वरले पवित्र आत्माद्वारा तपाईंलाई अगुवाइ गरून् र सत्यको ज्ञान दिऊन् भनी प्रार्थना गर्न सिक्नुहोस्।

२. येशूको नाममा प्रार्थना गर्दै दिनहुँ परमेश्वरसँग नजिकको सम्बन्ध राख्नुहोस्।
'कुनै कुरामा चिन्तित नहोओ, तर सबै कुरामा धन्यवादसाथ प्रार्थना र अन्तर्विन्ती गर्दै तिमीहरूका माग परमेश्वरकहाँ जाहेर होस्, र परमेश्वरको शान्तिले, जो सारा समझलाई माथ गर्छ, तिमीहरूका हृदय र विचारहरूलाई ख्रीष्ट येशूमा रक्षा गर्नेछ।' (फिलिप्पी ४:६,७)

३. प्रभु येशूको विषयमा अरूलाई बताउनुहोस्। 'आफ्नो घरमा गएर परमप्रभुले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो र तिमीप्रति कस्तो दया देखाउनुभयो, सो कुरा आफ्ना मानिसहरूलाई सुनाइदेऊ।' (मर्कूस ५:१९)

४. परीक्षाको समयमा प्रभुलाई पुकार्नुहोस्।
'किनकि परीक्षित भई उहाँ आफैले दःख भोग्नुभएकोले परीक्षामा परेकाहरू-लाई सहायता गर्न उहाँ योग्य हुनुहुन्छ।' (हिब्रू २:१८)

५. यदि तपाईं कुनै पापमा फस्नुभयो भने यो कुरा तुरुन्तै परमेश्वरको सामु स्वीकार गर्नुहोस्। 'यदि हामीले आफ्ना पापको स्वीकार गर्‍यौं भने हाम्रा पाप क्षमा गर्न र हामीलाई सबै अधर्मबाट शुद्ध पार्न उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ।' (१ यूहन्ना १:९)

६. प्रभु येशूमाथि विश्वास गर्नेहरूसँग भेट्ने र भेला हुने कोशिश गर्नुहोस्।
'जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु, त्यसरी नै तिमीहरूले एक-अर्कालाई प्रेम गर, यो मेरो आज्ञा हो।' (यूहन्ना १५:१२)

७. सधैँ परमेश्वरका आज्ञा पालन गर्नुहोस्।
'कसैले मलाई प्रेम गर्छ भने उसले मेरा वचन पालन गर्नेछ।' (यूहन्ना १४:२३)

८. तपाईं कुनै कुरासँग नडराउनुहोस्, किनभने प्रभु येशू तपाईंको साथमा हुनुहुन्छ।
'प्रभु आफैले भन्नुभयो: म तिमीलाई कुनै रीतिले छोड्नेछैनँ, न ता तिमीलाई कुनै रीतिले त्याग्नेछु।' (हिब्रू १३:५)

९. पूर्ण रूपले आफूलाई प्रभु येशूको हातमा अर्पण गर्नुहोस्। प्रभुलाई उहाँको सिद्ध इच्छाअनुसार तपाईंको जीवन अगुवाइ गर्ने अनुमति दिनुहोस्; यसरी तपाईंले साँचो आनन्द पाउनुहुनेछ।
'आफ्नो शरीर पवित्र, परमेश्वरलाई मनपर्दो, जिउँदो बलिदानको रूपमा चढ़ाओ; यही तिमीहरूको उचित सेवा हो।' (रोमी १२:१)



यदि तपाईंले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउनुभएको छ भने अथवा हामीबाट प्रस्तुत भएका पर्चा-पत्रिकाहरूद्वारा अरू कुनै आशिष पाउनुभएको छ भने कृपा गरी यो कुरा पत्रमा लेखी हामीलाई थाह दिनुहोला। तपाईंका निम्ति हामी परमेश्वरलाई धन्यवाद चढ़ाउन चाहन्छौं, साथै हाम्रा प्रार्थनामा तपाईंलाई सम्झना गर्न इच्छुक छौं। धन्यवाद।

२०० भन्दा बढ्ता भाषाहरूमा प्रभु येशूको सुसमाचार सम्बन्धी किताब र पर्चाहरू हामीबाट पाइन्छ। यसैले आफ्नो भाषामा यी पुस्तक-पुस्तिकाहरू सित्तैंमा प्राप्त गर्न चाहनुहुन्छ भने पत्र लेखेर तपाईंले निम्ना ठेगानाबाट निश्चय पाउनुहुनेछ।

The popular “Heart Book” with its soul-saving message is obtainable in over 500 languages. Many have found salvation even just by looking at the pictures. **Our Heart of Man Book can now be downloaded in 480 different languages onto cell phones, tablets, etc from our website www.angp-hb.co.za.**

Kindly write to us if you are able to assist us with further translations of our free Gospel literature, informing us of the language into which you could translate this Gospel literature. Your assistance would be appreciated.

If you have found salvation in Christ, or have been otherwise blessed through our Gospel literature, please let us know. We would like to thank God with you, and remember you further in our prayers.

For **free** Gospel literature, books and tracts in over 540 languages, write to:

**E-MAIL: info@angp.co.za**
**ALL NATIONS GOSPEL PUBLISHERS**
**P.O. Box 2191, PRETORIA, 0001, R.S.A.**
(A Gospel Literature Mission financed by donations)
(Reg. No. 1961/001798/08)